नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक २२७ | २०७७ साल असार १८ गते बिहीबार (2 July 2020 Thursday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : भारत विरोधी अन्धराष्ट्रवादको ... ३ पृष्ठमा : 'लैङ्गिक अल्पसङ्ख्यकको ३ पृष्ठमा : कोरोना भाइरस्का कारण ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# नागरिकता विधेयक खारेजीको माँग गर्दै काँग्रेसद्वारा नयाँ-नयाँ शैलीमा प्रदर्शन




**चन्दन यादव**
**राजविराज, १७ असार ।**

नेपाली काँग्रेस सप्तरीले एक हप्ता भन्दा बढी समयदेखी राजविराजमा नागरिकता बिधेयकको खारेजी लगायत अन्य माँगसहित नयाँ-नयाँ शैलीमा दिनँहु बिरोध प्रदर्शन गर्दै आइरहेको छ ।

कहिले नाचगानका साथ, त कहिले प्रधानमन्त्रीको पुतला दहन, त कहिले सांकेतिक रुपमा मलामीसहित बिरोध प्रदर्शनमा उत्रिएको छ ।

यसैबीच बुधबार पनि काँग्रेस सप्तरीले जिल्लाभरि प्रदर्शन गरेको छ । बुधबार काँग्रेसका नेता कार्यकर्ताहरुले भ्रष्टाचारी, निरंकुश र बलात्कारी सरकार लेखेको कालो ब्यानर ओढेर प्रदर्शन गरेको छ ।

राजविराजस्थित पार्टी कार्यालयबाट निस्केको बिरोध प्रदर्शनमा नागरिकता विधेयक खारेजी, अव्यवस्थित क्वारेनटाइनलाई व्यवस्थित गर्न, किसानहरुलाई सहुलियत दरमा मलखादको व्यवस्था गर्न, पिसिआर परिक्षणको दायरा बढाउन लगायत प्रधानमन्त्रीको राजिनामा समेत समेत गरेका छन् ।

जिल्ला सभापति दिनेश

***बाँकी अन्तिम पृष्ठमा***

# आफैले चलाएको ट्र्याक्टरले च्यापिएर यूवकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

खेत जोत्ने क्रममा आफैले चलाएको ट्र्याक्टरले च्यापिएर सप्तरीमा एक यूवकको मृत्यु भएको छ ।

सप्तरीको राजगढ गाउँपालिका ४ मा बुधबार बिहान खते जोत्ने क्रममा अचानक ट्याक्टर पल्टिएर च्यापिएर स्थानीय ३० वर्षीय अनिलकुमार मण्डलको मृत्यु भएको हो ।

बिहान करिब ३ बजे घरदेखि ५०० मिटर दूरीमा आफैंले स१त ५८७६ नंको ट्र्याक्टर चलाएर खेत जोत्ने क्रममा च्यापिएर उनको मृत्यु भएको स्थानीयवासीले जनाएका छन् ।

मृतक मण्डल सेभ द सप्तरीका कर्मचारीसमेत रहेको संस्थाका अध्यक्ष ध्रुबप्रसाद देवले बताएका छन् । उनको निधनले संस्थाले इमान्दार कर्मचारी गुमाएको भन्दै अध्यक्ष देवले दुःख व्यक्त गरेका छन् ।

# नहरमा डुबेर सशस्त्र प्रहरी जवानको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, १७ असार ।**

सिरहामा एक सशस्त्र प्रहरी जवानको नहरको पानीमा डुबेर मृत्यु भएको छ ।

सिरहा नगरपालिका-१४ खिरौनास्थित नहरमा डुबेर सशस्त्र पोष्ट माडर सिरहामा कार्यरत सशस्त्र प्रहरी जवान मनोहरकुमार यादवको मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ ।

महोत्तरीकने सोनबा गाउँपालिका ३ निवासी २३ वर्षीय सशस्त्र प्रहरी जवान यादव नहरको पानीमा डुबेर मृत्यु भएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । यता घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

"जिम्मेवारी, प्राथमिकता उत्तरदायी सहितको हाम्रो कामना : लैङ्गिक हिंसा, अन्त्य हाम्रो चाहना ।"

"सूचना र प्रविधि सहितको तीन तहको सरकार : लैङ्गिक हिंसा निर्मुल सबैको जिम्मेवार ।"

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | prabhu Money Transfer | CITY EXPRESS | IME International Money Express | IME pay | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

# कृषकहरुको समस्या समाधान गर

अहिले असारको महिनामा किसानहरु खेती गर्न ब्यस्त रहेका छन् । देशकै सबैभन्दा पुरानो चन्द्र नहर, कोशी पश्चिमी नहर र कोशी पम्प नहर गरि तीन तीन वटा नहरहरुबाट सिंचाई सुविधा व्यवस्था गरिए पनि मर्मत सम्भारको अभावले कमान्ड क्षेत्रमा पानी पुग्न नसकेका कारण किसानहरु खेतीका लागि आकाशे पानीमा भर पर्नु पर्ने बाध्यता रहेको छ । यता जिल्लाका किसानहरु सिंचाईका कारण चिन्तित छन् नै अर्कोतर्फ खेतीको समयमा प्रयोग हुने मलखादको अभावले समेत उनीहरुलाई झनै पिरोलिएका छन् ।

सरकारले किसानहरुका लागि सरकारी सहुलियतमा मलखादको व्यवस्था गरिएको कुरा कागजै सिमित रहेको छ । सरकारी सहुलियतको मलखाद कृषि कार्यालयबाटै गायब हुने तर निजि पसलहरुमा बढी मुल्यमा पाइने प्रवृतीले कृषकहरु झनै आर्थिक मारमा पर्ने गरेका छन् यस सम्बन्धमा अहिलेसम्म तीनै तहको सरकारको ध्यानाकर्षण भएको देखिन्न् । यसरी किसानहरु सबैतर्फबाट उपेक्षित बनिरहँदा सम्बन्धीत निकाय मुकदर्शक बनेको छ ।

किसानहरुको यस्ता समस्या कुनै नौलो नभएर विगतका वर्ष जस्तै रहेकोले यस्ता समस्याहरुप्रति सम्बन्धीत निकायले पहल गर्न आवश्यक छ । तसर्थ किसानहरुलाई परेको समस्याका कारण उत्पादनमा समेत प्रभाव पर्ने भएकोले यसको समाधानका लागि अविलम्ब कदम चाल्नु आजको आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भारत विरोधी अन्धराष्ट्रवादको उदय



**अमरनाथ मण्डल**

इतिहासको उषाकाल देखि नै नेपाल र भारत बीच आर्थिक, सामाजिक, साँस्कृतिक सम्बन्ध मात्र नभएर भौगोलिक बाध्यताको कारणले पनि दुई देश बीचमा सुदृढ सम्बन्ध रही आएको छ । नेपाल भारत बीचको सम्बन्ध बहुआयमिक यस अर्थमा छन् । कि सरकारी स्तरमा मात्र नभए पनि जनस्तर माथि निकै कसिलो सम्बन्ध छ । विश्वमा नेपाल र भारत यस्ता दुई छिमेकी राष्ट्र हुन् । जहाँ पहिले जनस्तरको ततपश्चात् कुटनैतिक सम्बन्धको स्थापना भएको पाइन्छ । तर यसमा भ्रम उत्पन्न गर्ने भारत विरोधी अन्तर्राष्ट्रियवादलाई नै चर्चा राष्ट्रवाद सम्झने केही अन्तर्राष्ट्रियवादीहरु निराधार र भ्रमरुपी राग अलापले नेपाल र नेपाली केहीलाई लाभ हुँदैन ।

अहिले सिमा विवादको कारणले गर्दा नेपाल र भारतको सम्बन्धमा हिंसारोपण गर्ने केही तत्वहरु पूर्ण रुपमा सक्रिय रहेको अवस्थामा नेपालको भु-भाग भारतले मिचिएको सम्बन्धमा वर्षौ देखि रहेको कालापानी, लिम्पीयाधुरा प्रकरण विवाद बन्दै गईरहेको अवस्थामा साताधारीहरुले वार्ताको माध्यमबाट समाधान खोज्नुपर्ने उपायालाई सार्थक सिद्ध गर्न असफल भएपछि कालापानीको विवाद अहिले पनि वार्ताको माध्यमबाट सहज रुपमा समाधानको उपायहरु खोज्नुपर्ने अवस्था छ । जनस्तरबाट उठिरहेको अवाज हो ।

भारतले नेपालको भु-भाग मिचेको यथार्थ शर्तलाई नेपाल र भारत सरकार प्रयाप्त प्रमाणहरुको साथ वार्ताको टेबुलमा बसी यो क्षणमा समाधानको निकास लिकाल्नुपर्ने आवश्यकता रहेको छ । जुन बेला चीन र भारतको सिमा विवादले विवादित रहेको अवस्थामा चीनको मनसायले नेपाल र पाकिस्तानलाई भारत विरोधी मनसायमा प्रयोग गर्ने स्पष्ट मनसाय रहेको अवस्थामा नेपालले वर्षौ देखि धार्मिक, साँस्कृतिक तथा सामाजिक परम्परा बोकेका नेपाल र भारत बीचको सम्बन्धमा फाटोको दायरा टाढा राख्नुपर्ने सरकार पक्षको प्रमुख दायित्व रहेको छ ।

नेपाल र भारतको सुगौली सन्धी देखि लिएर विभिन्न सन्धीहरुमा स्पष्ट रुपमा दुईका बीच भएका सम्झौताहरु तथा सिमाहरुको समस्यामा रहेका समाधानहरु वर्षौ देखि सातामा रहेका साताधारीहरु भारतसँग सहमति र सम्झौता गरिरहेको सन्दर्भमा एक्कासी चीन र भारतको विवाद चर्केपछि नेपालले जग्गा अतिक्रमणको सवालहरु उठाएपछि अतिक्रमण गरेको जग्गाको नक्सा भारत र नेपाल दुवै देशले आफ्नो नक्सामा समाहित गरेको सन्दर्भ लिएर वास्तविकताको यथार्थ सत्यलाई बुझी भारतीय पक्षले पनि नेपालको भु-भाग अतिक्रमण गरेको सन्दर्भमा चासोको विषय लिई वार्ताको टेबुलमा बस्नुपर्ने अवस्था देखिन्छ । तसर्थ दुई देशको घनिष्ठ सम्बन्धलाई अझै परिमार्जित गर्दै लग्नुपर्ने सरकारको दायित्व र कर्तव्य रहेको अवस्थामा सरकार पक्षका केही जिम्मेवार व्यक्तिहरु भारत विरोधी भ्रामक शब्दहरु प्रयोग गरी नेपाल र भारतको सम्बन्धलाई अझै जोखिममा पुऱ्याई रहेको देखिएको छ ।

राष्ट्रवाद प्रत्येक नेपालीको मनमस्तिष्कमा रहेको अवस्थामा राष्ट्रवादलाई गलत व्याख्या गर्नु कदापी कसैको हितमा हुने छैन । नेपालका मधेशी समुदायहरुले नेपाल र भारत लगायत अन्य छिमेकी देशहरुको सिमामा बसोबास गरिरहेको अवस्थामा सिमाको रक्षा सधैं मधेशी समुदायले गरिरहेको सन्दर्भ लिएर मधेशी समुदाय माथि राष्ट्रवादको गलत व्याख्या गरी मधेशी समुदायहरु भारतीय हो भने शासकीय मनसाय त्याग गर्नुपर्ने अवस्था देखिएको छ । मधेशी, आदीबासी रहेकोले वर्षौ देखि नेपालका स्वभाविमान तथा स्वाभाविमानको रक्षाका लागि अनेकौं राष्ट्रवादका प्रमाणहरु परिभाषित गरिएका छन् ।

शासकवर्गहरुद्वारा सधै शोषित रहेका मधेशी समुदायहरु मधेश आन्दोलनहरु गरी आफ्नो अधिकारको सुनिश्चितताको लागि सधैं लडिरहेको सन्दर्भमा विश्वमा नै सबभन्दा ठूलो महान आन्दोलन मधेश आन्दोलनमा सैयौं मधेशी वीरसपुतहरुले अधिकार प्राप्तिको लागि सहादत दिएका छन् भने हजारौं मधेशी आन्दोलनकारीहरु घाइत भई मधेश आन्दोलनलाई उचाईमा पुऱ्याएको अवस्थामा वार्ताको नाटक गरी राज्य पक्षले सधैं मधेश आन्दोलनलाई सखाप पार्ने कार्यहरु गरे । जसको परिणाम मधेश आन्दोलनले निर्देशित गरिएका संविधान संशोधन जस्ता मुद्दाहरु मधेशको हितमा रहेका अधिकारका मुद्दाहरु अहिले ओझेलमा परेका छन् । उता राष्ट्रवावदको नाउँमा आफ्नो ज्यानको समेत बाजी लगाउने मधेशी दलहरुले संसदमा नक्सा प्रकरणको सम्बन्धमा समर्थन जनाई राष्ट्रवादको मुद्दामा हामी सबै एक रहेका सम्पूर्ण नेपाली एक ठाउँमा रहेको प्रमाणित गरिन्छ ।

तर शासक वर्गहरु अझै आफ्नो मनसायलाई विर्सजन तिर उन्मुख गरेन । मधेशसँग गाँसिएका प्रत्यक्ष सम्बन्ध रहेका वैवाहिक अंगीकृत नागरिकतालाई ओझेलमा पारी ७ वर्षसम्म नेपाली पुरुषले विदेशी महिलासँग विहे गरेपछि मात्र पाउने नागरिकताको सन्दर्भमा प्रत्यक्ष रुपमा मधेशी समुदायहरु पिडाको सिकार बनेका छन् । किन भने मधेशी समुदायहरु सबभन्दा बढी भारतमा वैवाहिक सम्बन्ध गर्ने गरेकोले यस्तो नागरिकता विधेयकले मधेशी समुदायहरु माथि एउटा अझै विभेदीकरणको निति राज्य पक्षले अख्तियार गर्दै अगाडी बढेका छन् ।

मित्रराष्ट्र स्वतन्त्र भएको केही समय पछि नेपालमा पनि राणा शासनको अन्त्य भयो । त्यति बेला नेपाल र भारतको दुवैको आर्थिक स्थिति उस्तै थियो । अहिले भारतले आर्थिक स्थितिमा निकै माथि उठिएको छ । वि.सं. २००७ तिर नेपाल र भारतबीचको आर्थिक सामाजिक, वैज्ञानिक खेतमा त्यति खाडल थिएन । तर अहिले निकै खाडल भएको नेपालको आर्थिक र विकासाका लागि भारतले सहयोगको वातावरणहरु समय समयमा वातावरणको निर्माण गर्दै आएका छन् । तर वर्षौ देखि नेपाल भारतको ऐतिहासिक सम्बन्धलाई राष्ट्रपादको लगत व्याख्या गरी धरापमा पार्नु कसैको हितमा नरहेको देखिन्छन् भने अहिले सरकारमा रहेका साताधारी समेत नेपाल र भारतको सम्बन्धको विषय लिए । आफूमा विवादित बनेका छन् । भने मधेशी दल र काँग्रेसले वार्ताको माध्यमबाट जग्गा अतिक्रमणको सवालहरुलाई समाधानको निकास तिर लाग्नुपर्ने पक्षमा रहेका छन् । अहिले पनि समय छ,। समयमा सोचर बुद्धि पुऱ्याएरु कसैको उक्साहट र कुनै बातको चिन्तमा वर्षौको सम्बन्धलाई संकटमा नपार्न सबै पक्षबाट आवाजहरु आईरहेको छ ।

# रोपाइँमा मल अभाव

**अरुणकुमार यादव**
राजविराज, १७ असार (रासस) ।

सप्तरी जिल्लामा असारको दोस्रो सातासम्म करीब २१ प्रतिशत खेतमा धान रोपाइँ भएको छ । सिँचाइको उचित सुविधा नपुगेको सप्तरीमा यस वर्ष असारको दोस्रो सातामा वर्षाले साथ दिएपछि यहाँका अधिकांश किसान खेतमा धान रोप्न व्यस्त देखिएका छन् ।

सप्तरीमा सिञ्चित ४० हजार र असिञ्चित ३० हजार हेक्टर खेतीयोग्य जमीन छ । अहिलेसम्म सप्तरीमा १५ हजार एक सय हेक्टर जमीनमा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्रको भनाइ छ । रोपाइँका लागि बेर्ना तयार पारिएको र वर्षा पनि समयमा नै हुँदा जिल्लाका किसान उत्साहित भएको हनुमानगर कङ्कालिनी नगरपालिका-२ सकरदहीका किसानलाल माझीले बताउनुभयो । उहाँले भन्नुभयो, "हामी सधैं आकाशेपानीको भरमा खेतीपाती गर्दै आएको बेला यस वर्ष समयमा वर्षा भएकाले धान उत्पादनमा समेत वृद्धि हुने विश्वास छ ।" सप्तकोशी ब्यारेजबाट पश्चिमतिर बग्ने नहरमा पानी आए पनि हामीहरूको खेत र जमीनभन्दा माथिल्लो सतहबाट नहरमा पानी बगेकाले सो पानी खेतीको समयमा काम नलाग्ने गरेको उहाँले गुनासो गर्नुभयो ।

जिल्लाको अधिकांश नगरपालिका र गाउँपालिकामा खेतीयोग्य जमीन भए पनि सिँचाइको अभाव र समयमा वर्षा नभएका कारण जमीन बाँझो रहने गरेको थियो । जिल्लामा सञ्चालित तीनवटै नहरमा पानीको अभाव र समयमा वर्षा नहुँदा पनि अधिकांश ठाउँमा धान रोपाइँ प्रभावित हुने गरेको थियो । कोशी पश्चिमी, कोशी पम्प तथा चन्द्र नहरमा पर्याप्त पानी नभएको र ती नहरमा पानी नछोडेका कारणसमेत केही स्थानमा रोपाइँ गर्न समस्या भइरहेको कृषकले गुनासो गरेका छन् । जिल्लामा रहेका तीनवटै सिँचाइ प्रणालीबाट पानीको व्यवस्था नभएपछि पम्पसेटका भरमा समेत धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र राजविराजले जनाएको छ ।

सप्तरीमा अहिलेसम्म २१ प्रतिशत खान खेतमा रोपाइँ भएको बताउँदै जिल्लामा १५ हजार एक सय हेक्टर जमीनमा धान रोपाइँ सम्पन्न भएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र यादवले जानकारी दिनुभयो । लगातार चार/पाँच दिनदेखि पानी परेपछि जिल्लाको वोदेवरसाइन, सारस्वर, पातो, वरही वीरपुर, फुलकाही, कोदरकट्टी, भुतही, मानराजा, खडकपुर, अर्नाहा, ब्रह्मपुर, कविलासा, मलहनीयाँ, मलहनमा, हर्दिया कटैया, रामपुर जमुवा, मोहनपुरलगायत पश्चिम र उत्तर क्षेत्रका गाउँमा अहिले धान रोपाइँ भइरहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जिल्लाको पूर्वी-दक्षिण क्षेत्रका केही जमीनमा सिँचाइ भए पनि पश्चिम र उत्तरी भेगका केही खेतीयोग्य जमीनहरू अझै बाँझै रहेको पाइएको छ । सप्तरीको पूर्वी भेग तोपा, मन्सापुर, भगवतपुर, महदेवा, बथनाहा, इनर्वा, भारदह, चक्ला, विषहरिया, गाउँमा चन्द्र नहरको आशामा हजारौं हेक्टर जग्गामा धान खेती लगाउने गरेकोमा प्रत्येक वर्ष समयमा पानी नपाएको कारण कृषकले महंगोमा डिजल तथा विद्युतीय प्रणालीबाट सिँचाइ व्यवस्था मिलाउने गरेको कृषकहरूको गुनासो छ । सप्तरीमा कूल ७० हजार हेक्टर खेतीयोग्य जग्गा रहेको छ । जसमध्ये ५९ हजार दुई सय ५७ हेक्टर जग्गामा धान खेती हुँदै आएको छ ।

यस्तै मौसमले साथ दिए पनि मलको भने सप्तरीमा अभाव रहेको किसानको गुनासो छ । खेतमा धान रोपेलगत्तै डिएपी मल आवश्यक पर्ने भएकाले त्यसको समेत अभाव भएको पाइएको छ । जिल्लाको विष्णुपुर गाउँपालिकाका स्थानीय किसान प्रोसेतम यादवका अनुसार धान रोप्न खेत तयार भएको बेला खेतमा हाल्ने डिएपी मलको अभाव भएको गुनासो गर्नुभयो ।

यता राजविराजस्थित साल्ट्र ट्रेडिङ र कृषि सामग्री कम्पनीका प्रमुख रामकुमार चौधरीले सप्तरीमा नौ हजार मेट्रिक टन मल बिक्री वितरण गर्ने योजना रहेको तर अहिलेसम्म आठ हजार मेट्रिक टन आउँदा केही स्थानमा रासायनिक मलको अभाव भएको हुन सक्ने बताउनुभयो । कोरोना र लकडाउनलेसमेत किसानको मागअनुसार मल पूरा गर्न नसकिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "कोरोनाले विभिन्न भागमा रासायनिक मल पुऱ्याउन समस्या भएको र नगएका ठाउँमा थप मल पठाउने काम भइरहेको छ ।" जिल्लामा सरकारी भाउअनुसार रासायनिक मल बिक्री वितरण भइरहेको बताउँदै जिल्लाको केही भागमा मलमा पनि काला बजारी गर्नेमाथि कार्वाही गरिने कार्यालय प्रमुख चौधरीले जानकारी दिनुभयो ।

# 'लैङ्गिक अल्पसङ्ख्यकको अस्तित्वको लडाइँ कहिलेसम्म !'

काठमाडौं, १७ असार (रासस)। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले जन्मेपछि आफ्नो मानवाधिकारको उपभोग गर्नबाट वञ्चित भएको एक अध्ययन प्रतिवेदनले जनाएको छ। राष्ट्रिय मानव अधिकार आयोगले बुधबार सार्वजनिक गरेको 'यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको मानव अधिकारको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन'मा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक मानवाधिकारको उपभोगबाट वञ्चित हुनुपरेको उल्लेख गरिएको छ।

आयोगका अध्यक्ष अनुपराज शर्माले सार्वजनिक गरेको उक्त प्रतिवेदनमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले अन्य नागरिकसरह समान रूपमा आफ्नो मानवाधिकारको उपभोग गर्न नपाइरहेको अवस्था देखिएको छ। "ती समुदायले नागरिक तथा राजनीतिक, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारलगायत मानवाधिकार वञ्चित हुनुपरेको अवस्था समाजमा विद्यमान छ", आयोगका अध्यक्ष शर्माले भन्नुभयो, "सबै नागरिकले समान रूपमा आफ्नो मानव अधिकारको उपभोग गर्न पाउने व्यवस्था कानूनमा उल्लेख छ, कार्यान्वयन प्रभावकारिता देखिन नसक्नाको साथै केही विषयमा कानुनी तथा नीतिगत अभावका कारण पनि ती समुदायले मानव अधिकारको उपभोगमा समस्या झेल्नुपरिरहेको छ।" उहाँले उनीहरूको अधिकारका लागि राज्यले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

नेपालको २०६८ सालको जनगणनानुसार सो समुदायमा एक हजार ५०० जना छन्। सो समुदायलाई 'अन्य' जनाएर नागरिकताको प्रमाणपत्र लिने कानुनी व्यवस्था गरिएको छ। सो व्यवस्थाबाट नागरिकता प्रमाणपत्र लिने १७० र गत निर्वाचनको मतदाता सूचीमा १६७ जना छन्। आयोगले उक्त आँकडाले वास्तविकताको प्रतिनिधित्व नगर्ने निर्क्योल निकालेको छ। सामाजिक नधपी कारणले आफ्नो यौनिक परिचय दिन नसक्ने धेरै भएको तथा बाल्यावस्थामा अभिभावक र आफैंलाई आफ्नो लैङ्गिक अभिरूचि थाहा नहुने कारणबाट समेत यिनको वास्तविक सङ्ख्याका विषयमा यकिन गर्न गाह्रो छ। समलिङ्गी महिला तथा पुरुष, द्विलिङ्गी, तेस्रो लिङ्गी, अन्तरलिङ्गी र यौनिक विकर्षणलगायत विविध लैङ्गिक तथा यौनिक अभिरूचि हुने व्यक्ति अल्पसङ्ख्यक समुदायमा पर्छन्।

नीलहीरा समाजका अध्यक्ष पिङ्की गुरुङले आफ्नो समुदायलाई अहिले पनि समाजमा हिंसा र अपमान जारी रहेको पीडा सुनाउनुभयो। "हाम्रो समुदायलाई सामाजिक रूपमा हिंसा भइरहेको छ, हामीलाई कानूनले नै हिंसा गरिरहेको छ", उहाँले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, "पहिचानसँग जोडिएर आएको अधिकार नै हामीले पाएका छैनौं, २० वर्ष लगानी गरेर पहिचान र अस्तित्वकै लडाइँ लड्यौं, अझै पनि त्यही विषयमा लड्नुपर्ने जरुरी छ।"

यो समुदाय पहिचानकै लागि लडिरहँदा शिक्षा, स्वास्थजस्ता आधारभूत कुरामा पछि परेका छन्। समाजमा अझै पनि बाँच्न कठिनाइ भएको गुरुङले सुनाउनुभयो।

**पाँचको आत्महत्या**

"समाजको हेला सहेर बाँच्न मन छैन भनेर सन्देश आउँछ, बन्दावन्दीमा पाँच जना साथीले आत्महत्या गरे, पहिला सम्मानपूर्वक बाँच्न पाउनुपर्‍यो", उहाँले भन्नुभयो।

आयोगका सदस्य प्रकाश वस्तीको नेतृत्वमा तयार गरिएको उक्त प्रतिवेदन झापा, मोरङ, बारा, पर्सा, रौतहट, महोत्तरी, कास्की, रुपन्देही, कैलाली र काठमाडौंमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसँग छलफल गरी तयार गरिएको छ। विसं २०७६ वैशाखदेखि आरम्भ गरिएको अध्ययनबाट मानवाधिकार पूर्णरुपले उपभोग गर्न नपाउनाका कारण र त्यसका समाधानका उपायको खोजी गरिएको छ।

प्रतिवेदनमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको मुख्य आवश्यकता सामाजिक सम्मानको प्रत्याभूति, लैङ्गिक पहिचानसहितको नागरिकता तथा राहदानीको सहज प्राप्ति, समलिङ्गी विवाहलाई मान्यता, लैङ्गिकमैत्री शब्दको प्रयोग, सही तथ्याङ्क, रोजगारी र नीतिगत तहमा आरक्षण एवं स्वास्थ्य र शिक्षामा समुचित प्रबन्ध गर्नुपर्ने रहेको छ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय कानूनको परिप्रेक्ष्यमा गरिएको यस अध्ययनले नेपालको संविधानमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको हक र हितलाई संरक्षित गरिनु तथा २०६४ सालमै सर्वोच्च अदालतले यस समुदायलाई मान्यता दिई 'महिला' र 'पुरुष' सरह 'अन्य'भनेर वर्गीकरण गर्नुलाई सकारात्मक मानेको छ। सर्वोच्च अदालतको निर्णयानुसार सरकारले २०६६ सालमा गठन गरेको अध्ययन समितिको २०७१ सालको सिफारिश प्रतिवेदनबमोजिम समलिङ्गी विवाहलाई अझै मान्यता नदिइनुलाई आयोगले विडम्बनापूर्ण ठहऱ्याएको छ। विश्वका २९ देशले मान्यता दिइसकेको समलिङ्गी विवाहप्रति सकारात्मक हुन आयोगले सरकारलाई सिफारिश गरेको छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको अधिकार संरक्षणका लागि आयोगले गरेका नौ प्रतिबद्धतामध्ये मुख्य रूपमा नागरिकताको प्रमाणपत्र पाउन बाँकीलाई कानुनी सहयोगका साथ प्रतिनिधित्व गर्ने तथा शैक्षिक संस्थामा अपहेलना भई पढाइबीचमै छाड्नुपर्ने अवस्था नआओस् भनेर निरन्तर अनुगमन गर्ने गरेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनमा उखानटुक्का, टेलिशृङ्खला र साहित्यआदिमा यिनको मानमर्दन हुने शब्दावली तथा दृश्य नसमेट्न सम्बन्धित पक्षलाई आग्रहका साथ अनुगमन गर्ने, सबै निकायमा कर्मचारी भर्ना प्रक्रियामा योग्यतानुसार नोकरीका लागि आरक्षण दिन सकारात्मक हुने र इण्डोनेसियामा सन् २००६ मा सो समुदायको अन्तरराष्ट्रिय भेलाद्वारा जारी योग्यकर्ता सिद्धान्तप्रति सकारात्मक हुन सरकारलाई गरिएको सिफारिसको निरन्तर अनुगमन गर्ने विषय सामेल छन्।

सङ्घीय सरकारलाई आयोगले गरेका २४ सिफारिसमा सो समुदायका हक, हित, सुविधा र दायित्व तथा समुदायप्रति हुने आपराधिक कार्यविरुद्धको संरक्षणसमेतका प्रावधान समेटेर विशेष कानून ल्याउनुपर्ने, अध्ययन र तालीमका लागि छात्रवृत्ति र छात्रावासको प्रबन्ध गर्नुपर्ने तथा रोजगारीको प्रबन्ध गरिदिनुपर्ने विषय समावेश छन्।

सो समुदायका व्यक्तिलाई लक्ष्य गरी खेलकूद, साहित्य, चित्रकारिता, सङ्गीत, मोडलिङ र अन्य कलाकारिताका क्षेत्रमा यिनको प्रतिभा निखार्न आवधिक रूपमा प्रतिस्पर्धा गराउनुपर्ने, नागरिकता र राहदानी लिँदा अपनाउनुपर्ने कार्यविधिमा सरलीकरण गर्नुपर्ने, पुरुषबाट महिला र महिलाबाट पुरुष बन्न गरिने शल्यक्रियाका लागि लाग्ने रकमको प्रबन्ध गर्न नसक्नेका लागि कोष स्थापना गर्न एवं समुदायका व्यक्तिलाई धर्म सन्तान राख्न दिने कानुनी प्रबन्ध गरी अंश, अपुताली, सम्बन्ध विच्छेदजस्ता कानुनी हक सुविधा दिइनुपर्ने प्रतिवेदनमा उल्लेख छ।

प्रदेश सरकारलाई गरिएका १३ सिफारिशमा आफ्नो प्रदेशभित्रको सो समुदायका व्यक्तिको लगत राख्न, आवश्यक बजेटको प्रबन्ध गर्न, शिक्षकलाई नियमित रूपमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमैत्री हुने तालीमको प्रबन्ध गर्न, समुदायका व्यक्ति स्वरोजगार होऊन् भन्ने उद्देश्यका साथ तालीम तथा बीज पूँजी र व्यावसायिक संरक्षण दिनुपर्ने विषय मुख्य छन्।

स्थानीय सरकारलाई गरिएका १३ सिफारिसमा आआफ्नो वडा, टोल र गाउँमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक प्रकृतिका सन्तान हुनु सामान्य जैविक कुरा हो भनी परिवारलाई बुझाउन, सामाजिक निन्दा र अपहेलनाबाट जोगाउनका लागि अभियान चलाउन, परिवारलाई कुनै किसिमको हीनताबोध हुन नदिन र समाजलाई सो समुदायप्रति मैत्रीभाव राख्न बेलाबेलामा जागरण अभियान चलाउन भनिएको छ।

सो समुदायको हक र हितमा कार्यरत सङ्घसंस्थालाई यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका प्रसिद्ध र स्थापित व्यक्तिको सफलताका कथाको प्रकाशन, सकारात्मक लेख, रचना, संवाद, समाचार आदिको प्रचारप्रसार र २०७८ सालमा हुने जनगणनामा कोही नछुटून् भनी सक्रिय सहजीकरणका लागि सिफारिस गरिएको छ।

समुदायका मधेशमा रहेका व्यक्तिको समस्या पृथक रहेको र तिनलाई शोषण र हिंसाबाट जोगाउँदै आर्थिक रूपमा स्वावलम्बी बनाउन विशेष खालका कार्यक्रम ल्याउन आयोगले जोड दिएको छ। शहर र गाउँमा रहेका सो समुदायका व्यक्तिको समस्या पनि समान नरहेबाट विशेष लक्ष्यका साथ कार्यक्रम तर्जुमा गर्न पनि आयोगले सिफारिस गरेको छ।

नेपालमा यौन व्यवसाय व्यवस्थित र मर्यादित बनाउने वा नबनाउने समेतका विषयमा अध्ययन गर्न सरकारलाई सिफारिस गरिएको छ। यसैगरी नेपाल विदेशीका लागि बालयौन दुराचारको 'स्वर्ग' बन्न जाने खतरा रहेको तर्फ सरकारको ध्यानाकर्षण गराउँदै यसका लागि अझ कडा कानून निर्माण गर्नाका साथै त्यसको प्रभावकारी अनुगमन र कार्यान्वयनका लागि सिफारिश गरिएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोबर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### कोरोनाभाइरसका कारण विश्वभर पाँच लाखको मृत्यु, ५८ लाख सङ्क्रमणमुक्त

पेरिस, १७ असार (रासस/एपी/एएफपी)।

कोरोनाभाइरसबाट सङ्क्रमित भएर विश्वभरी बुधबारसम्ममा पाँच लाखभन्दा बढीको मृत्यु भएको छ। विश्व स्वास्थ्य संगठनका अधिकारीहरुले दिएको पछिल्लो विवरण अनुसार संसारभरी मृत्यु भएकाहरुको संख्या पाँच लाख १४ हजार ३२२ रहेको छ।

विश्वभरी अहिलेसम्म सङ्क्रमणमुक्त भएकाहरुको संख्या ५८ लाख १२ हजार १० पुगेको छ भने कुल सङ्क्रमितको संख्या एक करोड ६ लाख नाघेको छ। कुल सङ्क्रमितहरुको संख्यामध्ये सबैभन्दा धेरै अमेरिकामै रहेको पाइएको छ। अमेरिकामा अहिलेसम्म २७ लाख २७ हजार ८९६ जना सङ्क्रमित भएका छन्। कोरोनाका कारण अमेरिकामा मृत्यु हुनेको संख्या एक लाख ३० हजार १२३ पुगेको छ।

कोरोनाबाट दोस्रो धेरै प्रभावित हुने देशमा अहिले ब्राजिल भएको छ। शुरुमा प्रभावितको सूचीमा पछाडी नै रहेको ब्राजिल अहिले अग्रस्थानमा छ। ब्राजिलमा अहिलेसम्म १४ लाख आठ हजार ४८५ जना सङ्क्रमित भएका छन् भने ५९ हजार ६५६ जनाको मृत्यु भएको छ।

त्यसैगरी तेस्रो धेरै प्रभावित भएको रुसमा छ लाख ५४ हजार ४०५ जना सङ्क्रमित हुँदा नौ हजार ५३६ जनाको मृत्यु भएको छ। सङ्क्रमितहरुको संख्याका आधारमा चौथोमा भारत, पाँचौमा बेलायत, छैठौंमा स्पेन, सातौंमा पेरु, आठौंमा चिली, नवौंमा इटाली र दशौंमा इरान रहेका छन्। कोरोनाका कारण विश्वभरी सङ्क्रमितहरुको संख्यामा कमी नआए पनि मानवीय गतिविधिहरुमा बृद्धि हुन थालेको छ।

### भारतमा झण्डै ६ लाख सङ्क्रमित

नयाँदिल्ली, १७ असार (रासस/एएनआई)।

महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट सङ्क्रमित हुनेहरुको संख्या भारतमा छ लाख पुग्न लागेको छ। सरकारी अधिकारीहरुले बुधबार दिएको जानकारी अनुसार भारतमा हालसम्म कोरोनाभाइरसबाट पाँच लाख ८५ हजार ४९३ जना सङ्क्रमित भएका छन्।

तीमध्ये पछिल्लो २४ घण्टामा मात्रै १८ हजार ६५३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन्। केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दुई लाख २० हजार ११४ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको जनाएको छ।

कुल सङ्क्रमितमध्ये तीन लाख ४७ हजार ९७९ जना सङ्क्रमणमुक्त भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख गरिएको छ। भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म १७ हजार ४०० जनाको मृत्यु भइसकेको छ। ती मध्ये ५०७ जनाको मृत्यु पछिल्लो २४ घण्टामा भएको हो।

प्रदेश अनुसार हेर्दा भारतमा सबैभन्दा धेरै सङ्क्रमित महाराष्ट्रमा देखिएका छन्। त्यहाँ कुल सङ्क्रमितको संख्या एक लाख ७४ हजार ७६१ पुगेको छ। त्यसैगरी तमिलनाडुमा ९० हजार १६७ जना सङ्क्रमित भएका छन्। अधिकारीहरुका अनुसार तमिलनाडुमा एक हजार २०१ जनाको मृत्यु भएको छ भने दिल्ली प्रदेशमा ८७ हजार ३६० जना सङ्क्रमित भएका छन्।

### तेहरानको स्वास्थ्य क्लिनिकमा बिस्फोट, १९ जनाको मृत्यु

तेहरान, १७ असार (रासस-एएनआई)।

इरानको राजधानी तेहरानस्थित एक स्वास्थ्य क्लिनिकमा भएको ठूलो बिस्फोटन र आगलागीका कारण कम्तीमा १९ जनाको मृत्यु भएको छ। इरानी आपतकालीन सेवाका अनुसार मृत्यु हुनेहरुमा १५ जना पुरुष र ४ जना महिला रहेका छन्। प्रारम्भिक अनुसन्धानमा स्वास्थ्य उपचार गर्ने एक क्लिनिकको तल्लो तलामा राखिएका अक्सिजनका सिलिण्डर बिस्फोट भएका थिएको पाइएको छ।

प्रहरी र उद्धारकर्मीले घटनास्थलबाट अरु घाइतेको उद्धार गरी अस्पताल लगेका थिए। उक्त घटनामा कुनै असामाजिक तत्वको संलग्नता रहे नरहेको बारेमा प्रहरीले अनुसन्धान पनि शुरु गरेको जनाएको छ।

### अमेरिकामा कोरोनाइभाइरसको भ्याक्सिनको परीक्षण जारी

वासिङ्टन, १७ असार (रासस-एएनआई)।

संयुक्तराज्य अमेरिकाको खाद्य तथा औषधि प्रशासन (एफडीए) ले कोरोनाभाइरसको भ्याक्सिनको क्लिनिकल परीक्षणका लागि अनुमति दिएको छ।

एफडीएका प्रमुख स्टिफेन हानले चार किसिमका खोपहरुको क्लिनिकल परीक्षणको लागि अनुमति दिइएको जानकारी दिनुभयो। उहाँले अरु छ किसिमका खोप पनि परीक्षणको क्रममा रहेको बताउनुभयो। अमेरिकी प्रशासनले सन् २०२१ को जनवरीसम्ममा कोविड-१९ का लागि ३० करोड भ्याक्सिन उत्पादन गरी वितरण गर्ने लक्ष्य राखेको छ।

यसैबीच, अमेरिकी संक्रामक रोग विज्ञ एन्थोनी फाउचीले अमेरिकामा सुरक्षित र कामकाजी किसिमको भ्याक्सिन तयार हुनेमा अझै आशावादी हुने लक्षण नदेखिएको चेतावनी दिनुभएको छ। उहाँले भ्याक्सिनका प्रभावकारिता सम्बन्धी विवरणहरु आगामी वर्षको शुरुतिर मात्र प्राप्त हुने पनि जानकारी दिनुभयो।

# नागरिकता संशोधन विधेयक फिर्ता लिन माग

काठमाडौँ, १७ असार (रासस) ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले सरकारले प्रस्तुत गरेको नागरिकता संशोधन विधेयकका केही व्यवस्था संविधानको मर्मविपरीत रहेको तर्क गर्दै फिर्ता लिन माग गरेको छ ।

मङ्गलबार अबेर रातिसम्म चलेको काँग्रेस केन्द्रीय कार्यसमिति बैठकले सोहीअनुसार संसद्मा प्रस्तुत हुन पार्टीको सङ्घीय संसदीय दललाई निर्देशसमेत गरेको काँग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो । बैठकले नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले पाउने वैवाहिक अङ्गीकृत नागरिकता सम्बन्धमा प्रस्तावित संशोधन नेपालमा नागरिकता सम्बन्धमा संवैधानिक र कानूनी व्यवस्था भएको दिनदेखि कायम रहेको व्यवस्थाविपरीत र राजनीतिक, सामाजिक, सांस्कृतिक मान्यताविपरीत रहेको निष्कर्ष निकालेको छ ।

यस्तो संशोधनका कारण नागरिकता प्राप्तिका विषयमा थप संवैधानिक, सामाजिक एवं पारिवारिक जटिलतासमेत सिर्जना हुनसक्ने प्रबल सम्भावना रहने काँग्रेसको तर्क छ । यस सम्बन्धमा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पार्टीको तर्फबाट काँग्रेसका सांसदहरूले फरक मत राखिसक्नुभएको छ ।

बैठकले दाङको शान्तिनगर गाउँपालिका-२ का काँग्रेसका तर्फबाट निर्वाचित अध्यक्ष फर्साराम डाँगीलाई मङ्गलबार उहाँकै कार्यकक्षमा हतियारधारी समूह प्रवेश गरी मरणासन्न हुने गरी कुटपिट गरेको घटनाको भर्त्सना गरेको छ । उक्त घटनामा संलग्न व्यक्तिहरूको तुरुन्त खोजी गरी हदैसम्मको कानूनी कारवाही गर्न र गम्भीर घाइते हुनुभएका डाँगीको उचित उपचारको प्रबन्ध गर्न काँग्रेसले सरकारसँग माग गरेको छ ।

# सप्तरीमा थप ८ जना संक्रमित थपिए

## संक्रमितको संख्या २ सय ५६, निको हुनेको संख्या १ सय १८

**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

सप्तरीमा बुधबार थप ८ जना कोरोना संक्रमितको पुष्टि भएको छ । यो सँगै जिल्लामा कोरोना संक्रमितको संख्या २ सय ५६ पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

बुधबार थपिएका सबै संक्रमित सुरुङ्ग नगरपालिकाकै रहेको स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले जानकारी दिएका छन् ।

यस्तै जिल्लामा निको हुनेको संख्या १ सय १८ रहेको राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका मेसु डा. रन्जित झाले जानकारी दिए ।

यता स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपालमा बुधबार साँझसम्मा संक्रमितको संख्या १४ हजार ४६ पुगेको तथा निको हुनेको संख्या ४ हजार ६ सय ५६ जना रहेको जनाएको छ । यस्तै कोरोनाको संक्रमणबाट ३० जनाको मृत्यु भएको छ ।

# 'घर घरमा पढाइ, टोल टोलमा सिकाइ'

काठमाडौँ, १७ असार (रासस) ।

नेपाली काँग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी सङ्घ ( नेविसङ्घ)ले देशभर 'घर घरमा पढाइ, टोल टोलमा सिकाइ' अभियान सञ्चालन गर्ने भएको छ । नेविसङ्घका अध्यक्ष राजिव ढुङ्गानाले मङ्गलबार एक विज्ञप्ति जारी गरी विद्यार्थीलाई वैकल्पिक सिकाइका लागि उक्त अभियान सञ्चालन गर्ने बताउनुभएको हो ।

नेविसङ्घले जिल्लाभर रहेका क्वारेन्टाइनको अवस्था, पिसिआर परीक्षणको उपलब्धता र अस्पतालमा गरिने स्वास्थ्य उपचारको अवस्था बारेमा अनुगमन गर्ने तथा खबरदारी गर्ने बताएको छ । अध्यक्ष ढुङ्गानाले सामुदायिक विद्यालयका विद्यार्थीलाई दिइने निःशुल्क पाठ्यपुस्तक घर-घरमा पुगेर वितरण गरिने बताउनुभयो ।

नेविसङ्घका महामन्त्री दीपक भट्टराईले जिल्लाभित्रका निजी विद्यालयले शैक्षिक संस्था बन्द रहेको अवधिको शुल्क उठाउने कुरा रोक्न अनुगमन गर्ने बताउनुभयो । उहाँले काँग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री स्वर्गीय गिरिजाप्रसाद कोइरालाको ९६ औं जन्मजयन्तीको अवसरमा असार १८ मा देशभर रक्तदान र वृक्षरोपण गर्न सबै जिल्लालाई परिपत्र गरिएको जानकारी दिनुभयो ।

# घरघरमा तुलसीको बिरुवा रोपियो

**दैनिक समाचारदाता**
**राजविराज, १७ असार ।**

आषाढ शुक्ल एकादशीका दिन बुधबार घर घरमा तुलसीको बिरुवा रोपिएको छ । सनातन वैदिक परम्पराअनुसार तुलसीलाई विष्णुको प्रतीकका रुपमा मानिन्छ ।

यस दिन ब्रत बस्ने ब्रतालुहरुले बिहान तुलसी रोपन गर्दै विशेष पुजापाठ गर्ने चलन छ ।

आषाढ शुक्ल एकादशीदेखि कार्तिक शुक्ल एकादशीसम्म चार महिना भगवान् विष्णु क्षीरसागरमा शयन गर्नुहुने भएकाले यस दिनलाई हरिशयनी एकादशी भनिन्छ ।

एक वर्षमा २४ एकादशी पर्छन् । सक्नेले सबै एकादशीमा फलाहार मात्र गरेर ब्रत बस्छन् । नसक्नेले चतुर्मासाका चार महिनामा पर्ने आठ एकादशीमा ब्रत गर्छन् ।

यस वर्ष असोज महिनामा अधिकमास पर्ने भएकाले चतुर्मासा भनिए पनि पाँच महिना हुने नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । यस वर्ष चतुर्मासाको अवधिमा १० एकादशी पर्छन् ।

## *नागरिकता विधेयक ...*

यादबको अगुवाईमा निस्केको बिरोध प्रदर्शन राजबिराजको बिभिन्न ठाउमा नारावाजी गर्दै स्थानिय जनआन्दोलन चौकमा बिरोधसभामा परिणत भएको थियो ।

कोण सभामा काँग्रेसका यूवा नेता ईर्साद अंसारीले भारतसँग नेपालको सम्बन्ध बिगार्न र वर्तमान सरकारले मधेशी जनतालाई टुक्राउने षडयन्त्र गर्न खोजेको आरोप लगाए ।

बिरोध सभामा जिल्ला सभापति दिनेश यादव, क्षेत्रिय सभापति महानन्द यादव, बिधार्थी नेता रामचन्द्र यादव, राजिव राय, महिला नेतृ सुशिला यादव, डाक्नेश्वरी युवा नेता जीवन यादव, युवा नेता अमरेन्द्र यादव, मोहनी साफी, राजबिराज नगर सभापति शम्भुलाल देव, क्षेत्रिय सचिव अरूण मण्डल, प्रभात कुमार ललन लगायत नागरिकता बिधेयक खारेजको माग गरेका थिए ।


**NOVEL CORONA VIRUS (nCOV)**
**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**




अनुरोधकर्ता : बलानबिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



**हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER (Money Transfer Made Easy), Best Remit (Quick & Easy), prabhu Money Transfer (प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*